सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
५ नं. प्रदेश, नेपाल

प. सः- ०७७/७८
च. नः-

मिति :- २०७७।०५।३१

# सार्वजनिक सूचना ।।।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड -१९) को संक्रमण नियन्त्रण तथा रोकथाम गर्न गाउँपालिका तथा वडा कार्यालयबाट विभिन्न पहल तथा प्रयासहरु भैरहेका छन भने सम्पूर्ण गाउँपालिका परिवार र सरोकारवाला सबै अहोरात्र खटिरहेको कुरा सर्वविदितै छ। यस महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९)को नियन्त्रण तथा रोकथामको लागि;

१. लक डाउनबाट अति प्रभावित मजदुर, अति विपन्न परिवारहरुलाई आवश्यक राहत सामाग्री वितरण ,
२. सम्पूर्ण वडा स्तरमा क्वारेनटाईन पूर्वाधार निर्माण, व्यवस्थापन तथा सञ्चालन,
३. आईसोलेसन निर्माण, सञ्चालन र व्यवस्थापन (**RDT** तथा **PCR** परिक्षणबाट पोजिटिभ देखिएकाहरु),
४. वन्दा बन्दीमा स्वदेश तथा विदेशबाट फर्किएकाहरुका लागी सीमा नाका तथा स्वदेशका विभिन्न स्थानबाट यस गाउँपालिका सम्म यातायात सञ्चालन खर्च,
५. हेल्प डेस्क सञ्चालन तथा अन्य व्यवस्थापकिय सम्पूर्ण खर्चहरु,
६. प्रकोप नियन्त्रण सम्बन्धि औषधिहरु (फौजी तथा सलह किरा प्रकोप),
७. आवश्यक स्वास्थ्य सम्वन्धि सम्पूर्ण औषधि, उपकरण, वेड तथा सामाग्रीहरु,
८. कोरोना भाईरसको नियन्त्रण रोकथाम तथा उपचार खर्चका सम्पूर्ण कार्यहरु,

सञ्चालन गर्न यस गाउँपालिकामा प्रकोप व्यवस्थापन कोष स्थापना तथा सञ्चालनमा रहेको अवगत नै छ। यस महामारीको संक्रमणबाट बच्न र गाउँपालिकाका सम्पूर्ण जनताको स्वास्थ्य तथा जिउधनको रक्षा गर्न सरुमारानी गाउँपालिका परिवार एकबद्ध भई निरन्तर लागि परिरहेको सन्दर्भमा गाउँपालिका संग सरोकार राख्ने विभिन्न संघ, संस्था, राजनीतिक दलहरु, कर्मचारीहरु, शिक्षकहरु, जनप्रतिनिधिहरु र सरोकारवाला सबैलाई यस गाउँपालिका संग हाल सम्मको सहकार्य प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै, आगामी दिनमा अझ प्रभावकारि सहयोग, समन्वय तथा सहकार्यको अपेक्षा सहित कोरोना प्रकोप तथा महामारी नियन्त्रण तथा रोकथाममा यस कार्यालयको *प्रकोप व्यवस्थापन कोष* बाट तपशिल बमोजिमको खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवाला तथा सर्वसाधरण सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

तपशिलः

| सि.नं. | खर्च शिर्षक | विनियोजित रकम रु. | खर्च भएको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | प्रकोप व्यवस्थापन कोष | ७७,१७,१०२।४९ | ७२,२१,२६३।०० | आ.व. २०७६/७७ को आषाढ मसान्त सम्मको खर्च विवरण । |

२०७७/०५/३१

प्रमुख प्रशासकीय अधिकृत
(अमर बहादुर घर्ती, प्रमुख प्रशासकीय अधिकृत)